# कर्पोरेट डेभेलपमेन्ट बैंक लिमिटेडको
# मिति २०८१ साल पौष २९ गते सोमवारका दिन सम्पन्न भएको
# सत्रौ वार्षिक साधारण सभाको निर्णय पुस्तिका

प्रधान कार्यालय, गीतामंदिर रोड, वीरगञ्ज, पर्सा

**कर्पोरेट डेभेलपमेन्ट बैंक लिमिटेड**
**प्रधान कार्यालय, गीतामंदिर रोड, वीरगञ्जको**
**सत्रौ वार्षिक साधारण सभाको निर्णय पुस्तिका**

**१. वैधानीक सभा :**

कर्पोरेट डेभेलपमेन्ट बैंक लिमिटेडको मिति २०८१/०९/७ गते बसेको सञ्चालक समितिको निर्णय बमोजिम यस डेभेलपमेन्ट बैंकको सत्रौ वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री डा. जैनुद्दीन अंसारी ज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा सुसम्पन्न भयो । यो सभाको सुचना, सभाको विषय सुची, उपस्थिति, गुणपुरक संख्या, सभाको वैधानिकता, सभाको अध्यक्षता, सभा संचालन, प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता, छलफलको क्रममा व्यक्त गरिएका मनतव्य, प्रश्नोत्तर, सुझावहरु र सो सम्वन्धमा अध्यक्ष ज्यूको प्रत्युत्तर र सभाको निर्णयहरु समेतका कारवाहीको निर्णय पुस्तिका (माइन्युट) देहाए बमोजिम रहेको छ ।

**२. सभा बस्ने मिति , समय र स्थानः :**

**सभा बस्ने मिति , समय र स्थान**
मितिः २०८१ साल पौष २९ गते सोमवार (जनवरी १३, २०२५)
समयः बिहान ७ : १५ वजे ।
स्थानः बैंकको प्रधान कार्यालय, गीतामंदिर रोड, वीरगञ्ज, पर्सा ।

**३. साधारण सभाको सुचना तथा प्रकाशन :**

कम्पनि ऐन २०६३ को दफा ६७ को उपदफा २ को बमोजिम कम्पनीको आर्थिक वर्ष २०८०/८१ को सत्रौं वार्षिक साधारण सभाको सुचना र सो सभामा छलफल हुने विषयहरु सहितको विवरण खुलाई मिति २०८१/०९/०८, मिति २०८१/०९/०९ र मिति २०८१/०९/१९ गते को कारोबार राष्ट्रिय दैनिक पत्रिका मार्फत सेयर धनि महानुभावहरुको उपसिथितिको लागी सुचना प्रकासित गरिनुको साथै संचालक समितिको सत्रौं वार्षिक साधारण सभामा प्रस्तुत गरिने वार्षिक प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात तथा नाफा नोक्सान सहितको नगद प्रवाह विवरण र अन्य दस्तावेजहरु मुद्रित पुस्तिकाको रुपमा शेयरधनिहरुका ठेगानामा यथा समयमा पठाइएको थियो ।

**४. सभाको विषय सुची :**

**छलफल तथा निर्णयका लागि प्रस्तावित विषय सूचीः**

**(क) सामान्य प्रस्तावहरु**

१) अध्यक्षज्यूको प्रतिवेदन सहित प्रस्तुत आ.ब.२०८०।०८१ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८०।०८१ को आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८०।०८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
३) बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१।०८२ को लागि बैंकको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. कर्पोरेट डेभलपमेण्ट बैंक र अन्य बैंक वा बित्तिय संस्थाहरु एक आपसमा गाम्ने, गाभिने वा प्राप्ति सम्वन्धमा बैंकको चल अचल सम्पति, दायित्व तथा कारोबारको मुल्यांकन (Due Deligence Audit) गर्ने मान्यता प्राप्त मुल्यांकनकर्ता, लेखापरिक्षक नियुक्त गर्ने , नीजको पारिश्रमिक तोक्ने र गाम्ने, गाभिने वा प्राप्ति सम्वन्धि समफ्दारीपत्र (Momorandom of Understanding ) तर्जुमागर्ने र अन्य प्रक्रिया पुरागरी एक आपसमा/ले गाम्ने,गाभिने वा प्राप्ति गर्ने (Merger or Aquasition) सम्वन्धिकार्य पुरा गर्न, एकआपसमा गाभिने (Merger) सँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियारप्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउन संचालक समितिलाई पुर्ण अख्तियारी दिने सम्वन्धि बिशेष प्रस्ताव पारित गर्ने ।

ग. विविध ।

१. साधारण सभाको निर्णय प्रमाणित गर्न अख्तियारी प्रदान गर्ने ।

२. यस अघिका साधारण सभा, विशेष साधारण सभाले पारित गरेको तर कार्यान्वयनका चरणमा रहेका निर्णयहरु यस साधारणसभाले समेत अनुमोदन गर्ने सम्वन्धमा ।

**५. सभामा उपस्थिति :**

क) संचालकहरुको उपस्थिति:

१. अध्यक्ष श्री डा. जैनुद्दीन अंसारी
२. संचालक श्री विनोद कुमार खण्डेलवाल
३. संचालक श्री म. बसरुद्दीन अंसारी
४. संचालक श्री पवन कुमार तुलस्यान
५. संचालक श्री नासीरुद्दीन अंसारी
६. संचालक श्रीमती प्रीति श्रीवास्तव
७. संचालक श्री श्याम कुमार ठाकुर

ख. शेयरधनीहरुको उपस्थिति:

(१) स्वयमउपस्थिति : ७१
(२) प्रतिनिधि मार्फत: १२५
कूल उपस्थिति: १९६

६. गणपूरक संख्या :

| कुल | | उपस्थिति | | सेयरधनिको प्रतिनिधित्वप्रतिशत |
|---|---|---|---|---|
| शेयरधनीको जम्मा संख्या | शेयर संख्या | शेयरधनी | शेयर संख्या | |
| ६३८० | ५२५०००० | १९६ | ४०६५६५० | ७७.४४ |

CORPORATE DEVELOPMENT BANK LTD. • BIRGUNJ •

७. सभाको वैधानिकता:

सभा संचालनकालागी ऐन २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या पर्याप्त भएकोले कम्पनीको कूल शेयरको ७७.४४% प्रतिशत उपस्थिति भएकोले कम्पनी सचिवले अध्यक्षको आज्ञाले साधारण सभाको कार्यक्रम अघि बढाउनु भयो ।

८. सभा संचालन र वार्षिक प्रतिवेदन प्रस्तुति:

क) यस कर्पोरेट डेभेलपमेन्ट बैंक लि. को सत्रौं वार्षिक साधारण सभाको सुरुमा बैंकका कम्पनी सचिव श्री उदय कुमार कामतीले सभाको समय भई सभामा अध्यक्ष, संचालक लगायत आवश्यक शेयर धनीको उपस्थिति भई सकेको र सभा शुरु गर्न अनुमति लिनु भई बैंकको अध्यक्ष श्री डा. जैनुद्दीन अंसारी लगायत सम्पुर्ण संचालकज्यूहरु तथा प्रमुख कार्यकारी अधिकृतज्यूलाई आसन ग्रहणको कार्यक्रम सम्पन्न गराई राष्ट्रिय गानबाट सभा संचालन गरी अध्यक्ष श्री डा. जैनुद्दीन अंसारी लगायत सम्पूर्ण संचालकज्यूहरुलाई फुलको गुच्छाले स्वागत गर्ने कार्यक्रम अनुसार बैंकको प्रमुख कार्यकारी अधिकृत श्री लाल बहादुर थिङज्यूले श्री डा. जैनुद्दीन अंसारी लगायत सम्पूर्ण संचालकज्यूहरुलाई फुलको गुच्छाले ड्यासमा स्वागत गर्नु भयो । कार्यक्रम अघि बढाउँदै उद्घोषकले अध्यक्ष श्री डा. जैनुद्दीन अंसारीलाई सभाको अध्यक्षता गरी दिन गर्नु भएको अनुरोध अध्यक्षता गरी दिनगर्नु भएको अनुरोध अध्यक्षको स्वीकृती र साधारण सभाले करतल ध्वनी र ताली ले अनुमोदित भयो । त्यस उपरान्त उद्घोषकले बैंकका अध्यक्ष श्री डा. जैनुद्दीन अंसारीलाई पानसमा बत्तिबाली सत्रौं वार्षिक साधारण सभाको विधिवत उद्घाट्न गरिदिन गर्नु भएको अनुरोध बमोजिम नै अध्यक्षज्यूलाई सम्पुर्ण संचालक ज्युहरुले समेत उठेर साथ दिनु भएकोमा अध्यक्ष ज्यूले पानसको बत्तिबाली सत्रौं वार्षिक साधारण सभाको विधिवत शुरुआत गरि औपचारीक रुपमा सभा आरम्भको घोष्णा गर्नुभयो र सोलाई सभाले करतल ध्वनि र तालीले साथ दिई सभामय बाताबरणको सुरुआत भयो । त्यसैगरी सत्रौ वार्षिक साधारण सभामा उपस्थित महानुभावलाई स्वागत गरि-स्वागत मन्तव्य दिने कार्यक्रम बमोजिम बैंकका प्रमुख कार्यकारी अधिकृत श्री लालबहादुर थिङले सत्रौं बार्षिक साधारण सभामा उपस्थित महानुभावलाई स्वागतको लागि स्वागत मन्तव्य दिनु भयो ।

ख) सभा संचालनको कार्यक्रम बमोजिम कर्पोरेट डेभलपमेन्ट बैंक लि.को सत्रौं वार्षिक साधारण सभामा सम्पूर्ण अतिथि महानुभावहरु,अमान्त्रित प्रतिनिधि महानुभवहरु एवं संचालक ज्यूहरुलाई सम्बोधन गर्नु हुँदै बैंकका प्रमुख कार्यकारी अधिकृत श्री लाल बहादुर थिङ्गले सम्पूर्ण वार्षिक साधारण सभामा पाल्नु भएका सम्पूर्ण अतिथि महानुभवहरु, पत्रकारबर्ग, बैंकका संस्थापक शेयरधनीहरु र सर्बसाधारण शेयरधनी महानुभावहरु, आमन्त्रित, प्रतिनिधि महानुभावहरु, अध्यक्ष एवं संचालकज्यूहरुलाई उपस्थितिका लागि स्वागत गर्नु भयो । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री लाल बहादुर थिङले बैंकको यस पटक साधारण सभा पौष मसान्त भित्र सम्पन्न गराउन सहयोग गर्नुहुन लेखा परिक्षक, नेपाल राष्ट्र बैंक, बित्तिय संस्था सुपरिबेक्षण बिभागका सम्पूर्ण टिम र बाह्य लेखा परिक्षक श्री बि.के. अग्रवाल तथा सुरेशमान श्रोष्ठज्यूको दिनरातको मिहिनेतले गर्दा नै सो आर्थिक मसान्त भित्रै सम्पन्न गर्न सकिएकोले वहाँहरुप्रति कृतज्ञता जाहेर गर्नुभयो । तत्पश्चात कम्पनी सचिवले सभाको बैधानिकताको सम्बन्धमा प्रष्ट पारी कम्पनि ऐन २०६३ को दफा ६७ को उपदफा २ बमोजिम कम्पनिको आर्थिक वर्ष आ.व. २०८०/०८१ सत्रौं बार्षिक साधारण सभाको सुचना र सो सभामा छलफल हुने बिषयहरु सहितको विंवरण खुलाई मिति २०८१/०९/०८, मिति २०८१/०९/०९ र मिति २०८१/०९/१९ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिका मार्फत शेयरधनी महानुभवहरुको उपस्थितिको लागि सुचना प्रकाशित गरिनुको साथै संचालक समितिको तर्फबाट पेश हुने आ.व.२०८०/०८१ को वासलात तथा नाफा

नोक्सान सहितको नगद प्रवाह विवरण र अन्य दस्तावेजहरु मुद्रित पुस्तकाको रुपमा शेयरधनीहरुको ठेगानामा तथा समयमा पठाइएको जानकारी गराउनु भई सभा संचालन गर्नको लागि कम्पनि ऐन २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या पूगेको सभालाई जानकारी गराउदै सभाका अध्यक्षज्यूको अनुमति लिएर सभा संचालनको कारवाही अगाडि बढाउनु भयो ।

ग) सो पश्चात कम्पनि सचिवले सत्रौ बार्षिक साधारणसभाको सुरुवातको लागि अध्यक्षज्यूलाई सत्रौ बार्षिक साधारण सभाको अध्यक्षको प्रतिवेदन प्रस्कृत गर्नु हुन भएको अनुरोध बमोजिम अध्यक्षज्यूले अध्यक्षको प्रतिवेदन बाचन गर्नु भई शेयरधनीलाई बैंकको समिक्षा आ.ब.को संक्षिप्त बित्तिय एवं संस्थागत जानकारी लगाएत अन्य समसामयीक बिषयमा प्रकास पार्नु भयो ।

घ) अध्यक्षको प्रतिवेदन पश्चात यस सत्रौ बार्षिक साधारणसभाको अध्यक्ष ज्यूको आज्ञा तथा अनुतिले कम्पनी सचिवले सभामा संचालक समितिको आर्थिक वर्ष २०८०/०८१ वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुको साथै बैंकको नयाँ शाखा महोत्तरीको बर्दिवास र सर्लाहीको बरहथवामा विस्तार तथा व्यवसाय विस्तारको योजना प्रस्तुत गर्नु भयो ।

ङ) साथै सो बार्षिक प्रतिवेदन पारित गर्ने पश्चात कम्पनी सचिवले अध्यक्षको आज्ञा तथा अनमुतिले बैंकको आर्थिक वर्ष २०८०/०८१ को लेखा परिक्षकको प्रतिवेदन सहित सोहि आ.व.२०८०/०८१ को नाफा नोक्सान हिसाब, वासलात तथा नगद प्रवाह विवरण सभा समक्ष राख्नु भयो र सो उपर शेयरधनीहरु बीच छलफल गरी अध्यक्षज्यूको आज्ञा एवं अनुमतिले सभालाई राय व्यक्त गर्न अनुरोध समेत गर्नु भयो ।

च) बार्षिक प्रतिवेदन पश्चात यस सत्रौ बार्षिक साधारण सभामा अध्यक्ष ज्यूको आज्ञाले कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६४ अनुसार बैंकको लेखा परिक्षक समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/०८२ को लागि बाह्य लेखापरिक्षक नियुक्त गर्ने सम्बन्धमा लेखा परिक्षकको अनुभव र शुल्कको आधारमा समेत लेखा परिक्षक श्री देवकी बिजय एण्ड कम्पनिलाई रु.३७०,०००। (कर बाहेक) पारिश्रमिक समेत दिने गरी नियुक्त गर्ने प्रस्ताव सभामा छलफल र सभाको स्वीकृतिको लागि राख्नु भयो ।

छ) लेखा परिक्षक नियुक्ति पश्चात आजको यस सत्रौ बार्षिक साधारण सभामा अध्यक्ष ज्यूको आज्ञाले सामान्य प्रस्ताव अन्तर्गत बिबिध प्रस्तावको रुपमा बैंकको तर्फबाट संचालक समितिबाट भए गरेका काम कारवाही तथा निर्णयहरु अनुमोदनको लागि सभासंग राय माग्नुका साथै स्वीकृतिको लागि अनुरोध गर्नु भयो ।

ज) आजको यस सत्रौ वार्षिक साधारण सभामा अध्यक्ष ज्यूको आज्ञाले विशेष प्रस्तावको रुपमा कर्पोरेट डेभलपमेण्ट बैंक र अन्य बैंक वा बित्तिय संस्थाहरु एक आपसमा गाम्ने, गाभिने वा प्राप्ति सम्वन्धमा बैंकको चल अचल सम्पति, दायित्व तथा कारोबारको मुल्यांकन (Due Deligence Audit) गर्ने मान्यता प्राप्त मुल्यांकनकर्ता, लेखापरिक्षक नियुक्त गर्ने , नीजको पारिश्रमिक तोक्ने र गाम्ने, गाभिने वा प्राप्ति सम्वन्धि समझदारीपत्र (Momorandom of Understanding) तर्जुमागर्ने र अन्य प्रक्रिया पुरागरी एक आपसमा/ले गाम्ने,गाभिने वा प्राप्ति गर्ने (Merger or Aquasition) सम्वन्धिकार्य पुरा गर्न, एकआपसमा गाभिने (Merger) सँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पुरा गरी अख्तियार प्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउन संचालक समितिलाई पुर्ण अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव पेश भएकोले सो विषयमा सभामा छलफल र सभाको स्वीकृतिको लागि राख्नु भो ।

CORPORATE DEVELOPMENT BANK LTD. BIRGUNJ

झ) त्यस्तै आजको यस सत्रौ वार्षिक साधारण सभामा अध्यक्ष ज्यूको आज्ञाले विविध अन्तरगत पहिलो प्रस्तावको रुपमा यस सभाको माईन्युट प्रमाणित गर्न अध्यक्ष र कम्पनी सचिवले माइन्युट प्रमाणित गर्न प्रस्ताव सभामा छलफल र सभाको स्वीकृतीको लागि राख्नु भयो ।

ञ) त्यस्तै आजको यस सत्रौ वार्षिक साधारण सभामा अध्यक्ष ज्यूको आज्ञाले विविध प्रस्तावको दोश्रो प्रस्तावको रुपमा यस अघिका साधारण सभा, विशेष साधारण सभाले पारित गरेका तर कार्यान्वयनका चरणमा रहेका निर्णयहरु यस साधारण सभाले समेत अनुमोदन गर्ने सम्वन्धी प्रस्ताव सभामा छलफल र सभाको अनुमोदनको लागि राख्नु भयो ।

**९. शेयरधनीहरुका तर्फबाट पेश भएका राय सूझाबहरु :**

सचालक समितीको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व २०८०/०८१ को वार्षिक प्रतिवेदन, नाफा नोक्सान, वासलात तथा नगद प्रवाह विवरण उपर शेयरधनीहरु वीच छलफल गरी सभालाई राय सुझाव व्यक्त गर्न आव्हान भए अनुसार निम्न शेयरधनीहरुले आफ्नो राय तथा जिज्ञासाहरु व्यक्त गर्नु भयो ।

(क) श्री शरिफ अहमद

- उपस्थित सवैलाई सम्बोधन गर्दै साधारण सभा समयमै गर्न सफल भएकोमा संचालक समिति, व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिदै बैंकको प्रगतिले आफुलाई उत्साहित बनाएको तर बैंकले शेयर धनीहरुलाई विगत २ वर्षदेखि कुनै किसिमको लाभांश वितरण नगरेकोले बैंकको व्यावसाय विस्तार गरी अन्य बैंक सरह लाभांश तथा प्रतिफल दिने अवस्थामा पुऱ्याउन बैंक व्यवस्थापन तथा संचालक समितिबाट विश्वस्त रहेको राय दिनु भयो ।

(ख) श्री जय मंगल कापर केवट

- उपस्थित सवैलाई सम्बोधन गर्दै साधारण सभा समयमै गर्न सफल भएकोमा संचालक समिति, व्यवस्थापन तथा कर्मचारीहरुलाई धन्यवाद दिदै यस बैंकले छिटै नै आफ्नो शाखा सर्लाहीको बरहथवा र महोत्तरीको बर्दीबासमा विस्तार गरी व्यावसाय विस्तार गर्न लागेकोमा खुशी व्यक्त गर्दै छिटै नै अन्य उपयुक्त ठाउंहरुमा शाखा विस्तार गरी शाखा संजाल तथा व्यवसाय विस्तार गर्नेमा बैंक व्यवस्थापन तथा संचालक समितिबाट विश्वस्त रहेको राय दिनु भयो ।

**१०. शेयरधनीहरुको राय सुझाव उपरको प्रत्यूत्तर:**

यस कर्पोरेट डेमलपमन्ट बैक लि.को संचालक समितीको तर्फवाट अध्यक्षज्युले प्रस्तृत गर्नु भएको आ.व. २०८०/०८१ वार्षिक प्रतिवेदन तथा लेखा परीक्षकको प्रतिवेदन सहितको नाफा नोक्सान, वासलात तथा नगद प्रवाह विवरण उपर शेयरधनीज्यहरुवाट प्रस्तुत गर्नु भएको राय सल्लाह सुझाव जिज्ञासाको लागि धन्यवाद दिनु हुँदै यस बैंकका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृतले शेयरधनीज्युहरुवाट राख्नु भएको जिज्ञासा, प्रश्नहरुको प्रत्यूत्तर लगायतको विषयमा राय दिनु भयो ।

**११. सभाको निर्णय :**

१. (क) **सामान्य प्रस्तावहरु**

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको पस्तुत गर्ने भएको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल गरी पारित गर्ने निर्णय गरियो ।

CORPORATE DEVELOPMENT BANK LTD. BIRGUNJ

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८०/०८१ को नाफा नोक्सान, वासलात तथा नगद प्रवाह निर्णयलाई अध्यक्ष ज्यूले सभा समक्ष प्रस्तुत गर्नु हुंदा लेखापरीक्षकको प्रतिवेदन सहितको आ.ब.२०८०/०८१ को नाफा नोक्सान, वासलात तथा नगद प्रवाह विवरण सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस बैंकको आ.ब. आ.ब.२०८१/०८२ बैंकको बाह्य तथा करको लेखापरीक्षण र दफा ७८ तथा LFAR प्रमाणि गर्न लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा छलफल हुंदा कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ को दफा ६४ अनुसार बैंकको लेखापरिक्षण समितिको सिफारिस भएका तथा विभिन्न बैंक तथा वित्तिय संस्थाको समेत अडिट गरेको अनुभव भएका चार्टर्ड एकाउन्टेट श्री देवकी विजय एण्ड कम्पनी, काठमाडौलाई लेखा समितिको सिफारिस अनुरुप रु.३७०,०००। (कर बाहेक) पारिश्रमिक दिने गरि सभाले लेखा परिक्षकमा नियुक्त गर्ने निर्णय गरियो ।

**(ख) विशेष प्रस्ताव:**

१. विशेष प्रस्ताव तर्फ आजको यस सत्रौं वार्षिक साधारण सभामा कर्पोरेट डेभलपमेण्ट बैंक र अन्य बैंक वा वित्तिय संस्थाहरु एक आपसमा गाभ्ने, गाभिने वा प्राप्ति सम्वन्धमा बैंकको चल अचल सम्पति, दायित्व तथा कारोबारको मुल्यांकन (Due Deligence Audit) गर्ने मान्यता प्राप्त मुल्यांकनकर्ता, लेखापरिक्षक नियुक्त गर्ने , नीजको पारिश्रमिक तोक्ने र गाभ्ने, गाभिने वा प्राप्ति सम्वन्धि समझदारीपत्र (Momorandom of Understanding ) तर्जुमागर्ने र अन्य प्रक्रिया पुरागरी एक आपसमा/ले गाभ्ने,गाभिने वा प्राप्ति गर्ने (Merger or Aquasition) सम्वन्धिकार्य पुरा गर्न, एकआपसमा गाभिने (Merger) सँग सम्बन्धित प्रचलित कानुन तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयांहरु पुरा गरी अख्तियारप्राप्त निकायबाट अन्तिम स्वीकृति लिने तथा सो सन्दर्भमा नियामक निकायहरुले निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउन संचालक समितिलाई पुर्ण अख्तियारी दिने सम्वन्धमा बिशेष प्रस्ताव पेश भई सो विषयमा सभामा छलफल गर्दा सबैंले ताली वजाएर सर्वसम्मत सो प्रस्ताव स्वीकृत भयो ।

ग. बिबिध ।

१. वार्षिक साधारण सभाको माइन्युट प्रमाणि गर्न अध्यक्ष र कम्पनि सचिवले प्रमाणि गर्ने विषय उपर छलफल भई सभाबाट स्वीकृत भयो ।

२. यस अर्न्तगत यस सभामा यस अघिका साधारण सभा, विशेष साधारण सभाले पारित गरेका तर कार्यान्वयनका चरणमा रहेका निर्णयहरु यस साधारण सभाले समेत अनुमोदन गर्ने सम्बन्धि प्रस्ताव यस सभामा पेश भई अनुमोदन गरियो ।

३. उपरोक्त बाहेक अन्य कुनै प्रस्ताव न आएकोले सो पश्चात उदघोषक ज्यरले बैंकका संचालक श्री म.बसरुद्दीन अंसारीलाई आफ्नो व्यक्तिगत र संचालक समितिको तर्फको धारणा राखि दिन अनुरोध गर्नु भयो । त्यस्तै संचालक श्री श्याम कुमार ठाकुरलाई आफ्नो मन्तव्य तथा अनुभव राखिदिन अनुरोध गर्नु भयो । उपरोक्त सन्दर्भमा संचालक द्धयबाट श्री बसरुद्दीन अंसारी र श्री श्याम कुमार ठाकुरले बैंक व्यवस्थापनलाई सफल साधारण सभाको लागि धन्यबाद दिनुको साथै व्यवस्थापनलाई संचालक समितिबाट हरतरहको सहयोग, समर्थन रहने र यस मधेश प्रदेशमा अथाह सम्भावना रहेकोले यस प्रदेशमा उत्कृष्ट परफरमेन्स दिनु पर्ने बताउनु भयो भने प्रमुख कार्यकारी अधिकृतले उपस्थित सबैमा र सबै सरोकारबालाहरुको सहयोगको लागि धन्यवाद दिनुको साथै बैंकको संक्षिप्त प्रगति र योजनाको

CORPORATE DEVELOPMENT BANK LTD. BIRGUNJ

सम्बन्धमा प्रकाश पार्नु भयो । अन्तमा कार्यक्रम संचालकले अध्यक्ष ज्युलाई उपस्थिति तथा आमन्त्रित महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

**१४. धन्यवाद ज्ञापन:**

सभामा अधयक्षज्यूले उपस्थित तथा आमान्त्रित महानुभावहरुलाई सहभागिताको लागि धन्यबाद दिनु हुदै संक्षिप्त मन्तव्य, सूझाव तथा शेयरधनी महानुभावले राख्नु भएको चासो समेत समेटी शेयरधनीले संस्थालाई समय दिनु पर्ने, आज संस्थापक शेयर धनीहरुको लगानी र प्रतिबद्धताले समेत संस्थाको शेयर दोश्रो बजारमा उच्च रहेकोले बैंकका सवंसाधारण शेयर धनीले यसबाट राम्रो लाभ लिनु भएको वा लिन सक्ने स्थित बनेको र यसले बैंकले गरेको प्रगतिको संकेत गरेको र बढ्दो शेयर मुल्यको कारण अन्य बैंकसंग मर्जरको कुरा गर्दा बैंकलाई फाईदा हुने स्थिति देखिएको, व्यवस्थापनले बिभिन्न काम कारवाहीमा थप चुस्तता देखाउन र शेयर धनीको आसामा खरो उत्रिन व्यापार बृद्धी र प्रतिफल बृद्धीमा लाग्न सुझाव दिनु भई सहभागीको चासो उचित रहेको धारणा राखनु भयो । त्यस्तै अध्यक्ष ज्यूले आजको यस सत्रौं वार्षिक साधारण सभामा पेश भएका छलफलका सम्पूर्ण विषयहरु उपर छलफल भई पारित गर्न सहयोग गर्नु हुने सम्पुर्ण शेयर धनीलाई धन्यवाद दिनु भई सो सम्पुर्ण प्रस्ताव पारित भईसहेको हुंदा आजको यस वार्षिक साधारण सभामा अन्य विषयहरु नभएकोले यस साधारण सभा सौहार्दपुर्ण वातावरणमा सफल पार्न पाल्नु भएका सम्पुर्ण अतिथि एवं शेयरधनी महानुभावहरु प्रति धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुवाट प्राप्त रचनात्मक सूझाव मार्ग निर्देशनले आगामी दिनहरुमा यस बैंकको काम कारवाहीहरुलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सकिने विश्वासका साथ आजको यस वार्षिक साधारण सभा गर्नका लागि सहयोग पुऱ्याउनु हुने नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखा परिक्षक, शेयर रजिष्ट्रार, कानुनी सल्लाहकार, लगानीकर्ता, तथा बैकका प्रमूख कार्यकारी अधिकृत, कम्पनी सचिव लगायत सबै कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नु भई सभा समापनको घोषणा गर्नु भयो ।

CORPORATE DEVELOPMENT BANK LTD. BIRGUNJ

कम्पनी सचिव

अध्यक्ष